
प्रथम अध्यक्षताको सन्देश, अप्रिल २०१८



अध्यक्ष रास्सल एम नेल्सनद्वारा

# हामिसँगै अगाडि बड्दा

सम्पादकको नोटः जानवारी १४, २०१८ मा पछिल्ला दिनका सन्तहरुको येशू ख्रीष्टको चर्चको १७ औं अध्यक्षका रूपमा छुट्टयाईएका अध्यक्ष रास्सल एम नेल्सन ले जानवारी १६, २०१८ को एक प्रत्यक्ष प्रसारणका क्रममा सल्ट लेक मन्दिरको एनेक्सबाट यी टिप्पणीहरु दिनुभयो । उहाँले आफ्ना शब्दहरु यो संस्करण मा प्रकाशित गर्न अनुरोध गर्नुभएको थियो ।

दाजुभाई तथा दिदीबहिनीहरु, तपाइहरुसँग यो बिहानी सँगै हुन पाउँदा मलाई विनम्र तुल्याएको छ । चार दिन अघि हामीले एक महान मानिस, परमेश्वरका अगम्बक्ता थमस एस मनसनलाई विधाई गर्यौं। उहाँको जिवनको विशालता र विशिष्टताको कुनै शब्दहरुले न्याय गर्न सक्दैन । उहाँले मलाई सिकाउनुभएको कुरा र हाम्रो मित्रतालाई मैले सँधै कृतज्ञताका साथ सम्हाली राख्ने छु । अब हामीले येशू ख्रीष्टमा पूर्ण आस्थाका साथ अगाडि भविष्यलाई हेर्नु पर्छ जसको चर्च यो हो ।

दुई दिन आगाडि सबै जिवित अगम्बक्ताहरु सल्ट लेक मन्दिरको उपल्लो तल्लामा भेटे । त्यहाँ उहाँहरुले एकमत भएर निर्णय गरे, पहिलो, अहिले प्रथम अध्यक्षतालाई पुन: संगठित गर्ने, दोश्रो यो कि मैले चर्चको अध्यक्षका रूपमा सेवा गर्ने । मेरा दाजुभाईहरुलाई पाउँदा कस्तो महसुस् भयो भन्ने बताउन शब्दहरु अपर्याप्त छन् – यो समयावधिमा अगम्बक्ता जोसेफ स्मिथद्वारा पूनःस्थापना गरिएका पादरित्वका सबै साँचाहरु बहन गर्ने दाजुभाईले मलाई नियुक्त गर्न र चर्चको अध्यक्ष का रूपमा छुट्टियाउन उनिहरुका आफ्ना हातहरु मेरो शिरमा राखे । त्यो पवित्र र विनम्र तुल्याउने अनुभव थियो ।

त्यस पछि मेरा सल्लाहकारका रूपमा परमप्रभुले कसलाई चुन्नुभएको छ भनेर पहिचान गर्ने जिम्मा मेरो भयो । मैले कसरी बाह्र मध्ये दुईलाई मात्र छान्नु, जसलाई म धेरै माया गर्दछु । मेरा उत्सुक प्रार्थनाहरुका उत्तर दिनुभएकोमा म परमप्रभुप्रति कृतज्ञ छु । म धन्यबादी छु कि अध्यक्ष डलिन हेरिस ओक्स् र अध्यक्ष बेनियोन् आइरिङले मसँग पहिलो र दोश्रो सल्लाहकार का रूपमा सेवा गर्न इच्छुक हुनुहुन्छ । अध्यक्ष डिटर एफ उक्दोर्फ बाह्र प्रेरित गणमा फर्किनुभएको छ । उहाँले मुख्य कार्यभार पाइसक्नु भएको छ जसकालागि उहाँ विशिष्ट रूपमा योग्य हुनुहुन्छ ।

म उहाँलाई र अध्यक्ष आईरिङलाई अध्यक्ष मनसनका सल्लाहकारका रूपमा दिएको विशिष्ट सेवाकालागि सलामी दिन चाहन्छु । उहाँहरु पूर्ण रूपमा क्षमतायूक्त, समर्पित, प्रेरित हुनुहुन्थ्यो । हामी उहाँहरुप्रति आभारी

**मासिक प्रथम अध्यक्षताको सन्देश बन्द हुनेछ**

मासिक रूपमा प्रकाशित हुने यो अन्तिम प्रथम अध्यक्षताको सन्देश हुनेछ । भविष्यमा, आवश्यक भएमा प्रथम अध्यक्षताले महत्वपूर्ण सन्देशहरु चर्चका पत्रिका र LDS.org लगायतका चर्चका विभिन्न च्यानलहरु बाट बाँड्नुहुनेछ ।

छौं । उहाँहरुको जहाँ आवश्यक छ त्यहाँ सेवा गर्न उहाँहरु इच्छुक हुनुहुन्छ ।

बरिष्ठतामा दोश्रो प्रेरितका रूपमा, अध्य ओक्स बाह्र प्रेरित गणका अध्यक्ष पनि हुनुहुन्छ । तर, उहाँको प्रथम अध्यक्षताको बोलावट र चर्चको व्यवस्थासँग मिल्ने गरि, अध्यक्ष एम. रासल बलार्ड, बरिष्ठतामा दोश्रोले गणको कार्यवाहक अध्यक्षका रूपमा सेवा गर्नुहुनेछ । परमप्रभुको इच्छा पहिचान गर्न र उहाँको पवित्र कार्यलाई अगाडि बडाउन प्रथम अध्यक्षताले बाह्रसँग हातमा हात गरि काम गर्नेछ ।

हामी तपाईहरुका प्रार्थनाहरुका लागि धन्यबादी छौं । संसारभरी बाट प्रार्थना गरिएको छ । अध्यक्ष मनसन बितेको भोलिपल्ट बिहान एउटा त्यस्तो प्रार्थना एउटा बेन्सन भन्ने चार बर्षको केटाले दिएको थियो । मेरी पत्नी वेनडीलाई उसको आमाले लेखेको पत्रबाट उध्दरण गर्छु । बेन्सनले प्रार्थना गरे, "स्वर्गीय पिता, अध्यक्ष मनसनले आफ्नो पत्नीलाई फेरि देख्न पाउने भएकोमा तपाईलाई धन्यबाद । हाम्रा नयाँ अगम्बक्ताकालागि धन्यबाद । उहाँलाई साहसी हुन र नयाँ भएकोमा नडराउन सहयोग गर्नुहोस् । उहाँलाई स्वस्थ र बलियो भई हुर्कन सहयोक गर्नुहोस् । उहाँमा शक्ति हुन सहयोग गर्नुहोस् किनभने उहाँसँग पादरित्व छ । र हामीलाई संधै राम्रो हुन सहयोग गर्नुहोस् ।"

म यस्ता बच्चाहरु र आमाबुबा जो उनिहरुको पवित्र र उदेश्यमुलक स्याहार प्रतिको प्रतिबद्धका लागि परमेश्वरलाई धन्यबाद दिन चाहन्छु–प्रत्येक अभिभावक, शिक्षक, र सदस्य जो भारी बोझ बोक्दछन् तर अतिनै इच्छुक भई सेवा गर्नुहुन्छ । अर्को शब्दमा तपाईहरु प्रत्येककालागि म अति विनम्र रूपमा कृतज्ञ छु ।

परमप्रभुले निर्देशन गर्नुहुन्छ

हामी सँगै अगाडि बड्दा, म तपाईहरुलाई परमप्रभुले उहाँको चर्चलाई प्रशासन गर्ने प्रभावशाली तरिकाको बारेमा सोच्न आमन्त्रण गर्दछु । चर्चको कुनै अध्यक्ष वितेपछि त्यो स्थानमा सेवा गर्न कसलाई बोलावट गरिन्छ भन्ने कुरामा कुनै रहस्य छैन । त्यहाँ कुनै चुनाव हुँदैन, कुनै अभियान हुँदैन मात्र पदारोहणको दैवी योजनाको शान्त कार्य हुन्छ जसलाई परमप्रभु आफैले स्थापना गर्नुभएको हो ।

एक प्रेरितको प्रत्येक दिनको सेवा एउटा सिकाई र भविश्यका लागि थप जिम्मेवारीको तयारी को दिन हुन्छ। एक प्रेरितलाई वृतको जुनियर चियर बाट सिनियर चियरमा सर्न दसकौंको सेवा चाहिन्छ । त्यो समयमा उसले चर्चको कामको हरेक क्षेत्रको प्रत्यक्ष अनुभव गर्दछ । कार्यभारले उसलाई बारम्बार विश्वभर लैजाने हुँदा उ पृथ्वी का मानिसहरु, उनिहरुका इतिहासहरु, संस्कृतिहरु, भाषाहरु लगायतसँग पनि राम्रोसँग परिचित हुन्छ । चर्चको नेत्रीत्वमा पदारोहणको यो प्रकृया अद्‌वितीय छ । यो जस्तो अरू कुनै मलाई थाहा छैन । यसले हामी चकित हुनु पर्दैन किनभने यो परमप्रभुको चर्च हो । उहाँ मानिसका तरिकामा काम गर्नुहुन्न ।

मैले बाह्र गणमा चर्चका भुतपूर्व पाँच अध्यक्षका मुनि सेवा गरिसकेको छु । मैले हरेक अध्यक्षले प्रकाश प्राप्त गरेको र त्यो प्रकाशलाई सम्बोधन गरेको देखें । परमप्रभुले उहाँका अगम्बक्ताहरुलाई सधैं निर्देशन र प्रेरित गर्नुभएको छ र गर्नुहुनेछ । परमप्रभुले निर्देशन गर्नुहुन्छ । उहाँको पवित्र नामको गवाहि दिन नियूक्ति गरिएका हामीले निरन्तर रूपमा उहाँको इच्छा जान्ने प्रयास गर्नेछौं र पालना गर्नेछौं ।

करारको मार्गमा रहनुहोस्

अब म चर्चका हरेक सदस्यसँग भन्दछु कि करारको मार्गमा रहनुहोस् । मुक्तिदातासँग करार गरि उहाँलाई पछयाउने तपाईको प्रतिबद्धता र ती करारहरु पुरा गर्नाले सबै ठाँउमा पुरूषहरु, महिलाहरु र बच्चाहरुलाई उपलब्ध प्रत्येक आत्मिक आषिश र अवसरको ढोका खुल्नेछ।

नयाँ अध्यक्षताको रूपमा, हामीले अन्तलाई ध्यानमा

राखेर सुरु गर्न चाहन्छौं । त्यसैले हामीले आज तपाईसँग मन्दिरबाट बोलिरहेकाछौं । त्यो अन्त जस्का लागि हामि सबैले प्रयास गरिहेकाछौं त्यो भनेको परमप्रभुको घरमा शक्तिले आशिषित हुनु, परिवारका रूपमा बाँधिनु, मन्दिरमा गरेका करारहरु प्रति वफादार हुनु जसले परमेश्वरको सबभन्दा महान उपहारका लागि हामिलाई योग्य बनाउंछ जुन अनन्त जिवन हो । तपाईको जिवन, तपाईको विवाह र परिवार र सैतानका प्रहारहरु प्रतिरोध गर्ने तपाईको क्षमतालाई मजबुत गर्ने साँचाहरु नै मन्दिरको बिधिहरु र त्यहाँ तपाईले गर्ने करारहरु हुन् । तपाईको मन्दिरको आराधना र तपाईका पुर्खाहरुका लागि त्यहाँ तपाईको सेवाले तपाईलाई ब्यक्तिगत प्रकाशको बृद्धि र शान्तिले आशिषित गर्नेछ र तपाईको करारको मार्गमा रहने तपाईको प्रतिबद्धतालाई बलियो बनाउनेछ ।

यदि तपाईले मार्ग भन्दा बाहिर टेक्नुभएको छ भने, मेरो हृदयको सम्पूर्ण आशाका साथ म तपाईलाई फर्कि आउन निमन्त्रण गर्दछु । तपाईको जे जति चिन्ताहरु भएपनि, तपाईका जे जति चुनौतीहरु भएपनि, परमप्रभुको यो चर्चमा तपाईकोलागि ठाउँ छ । तपाई र तपाईका अझै जन्मी नसकेका पुस्ताहरु तपाइको करारको बाटोमा फर्कने कार्यले आशिषित हुनेछन । हाम्रा स्वर्गीय पिताले आफ्नो सन्तान लाई माया गर्नुहुन्छ र उहाँले हामी सबै आफ्नो घर, उहाँकोमा फर्किएको चाहनुहुन्छ । यो पछिल्ला दिनका सन्तहरुको येशू ख्रीष्टको चर्चको महान लक्ष्य हो –हामी सबैलाई घर फर्किन सहयोग गर्नु ।

म तपाईहरु प्रतिको गहिरो माया प्रकट गर्दछु–त्यो माया जुन दशकौं देखि तपाईलाई भेटेर, तपाईसँग आराधना गरेर र तपाईलाई सेवा गरेर बढेको । हाम्रो दैवीधिकार भनेको प्रत्येक राष्ट्र, जाति, भाषा र मानिसमा गई संसारलाई परमप्रभुको दोश्रो आगमनकोलागि तयारी गर्नु हो। यो हामी परमप्रभु येशू ख्रीष्ट प्रति आस्थाका साथ गर्नेछौं , यो कुरा मनमा राख्दै कि उहाँ त्यसको नेत्रित्व गर्नुहुन्छ । यो उहाँको चर्च हो र उहाँको कार्य हो । हामी उहाँका सेवक हौं।

म हाम्रा अनन्त पिता परमेश्वर र उहाँका पुत्र येशू ख्रीष्ट प्रतिको मेरो भक्ति घोषणा गर्दछु । म उहाँहरुलाई चिन्दछु, उहाँहरुलाई माया गर्छु र उहाँहरुलाई सेवा गर्ने प्रण गर्दछु – र तपाईलाई-मेरो जीवनको रहेको हरेक सासबाट । येशू ख्रीष्टको पबित्र नाममा आमिन ।

© २०१८ बाट सर्बाधिकार सुरक्षित । युएसए मा मुद्रित । अंग्रेजी अनुमोदन:६/१७ । अनुबाद अनुमोदन:६/१७ । First Presidency Message, April 2018 को अनुबाद । Nepali. 15048 372